विधेयक संख्याः

मितिः

# मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# <u>मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,:-

(क) "मन्त्री" भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ ।

(ख) "मुख्यमन्त्री" भन्नाले प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ ।

(ग) "सुविधा" भन्नाले यस ऐन बमोजिम उपलब्ध गराईने सुविधालाई सम्झनु पर्छ ।

(घ) "नेपाल सरकार" भन्नाले नेपालको संघीय कार्यकारिणी अधिकारलाई प्रयोग गर्ने संघीय मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेशको कार्यकारिणी अधिकारलाई प्रयोग गर्ने प्रदेश नं. १ को प्रदेश मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

**३.** **<u>पारिश्रमिक</u>**: (१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा दिइनेछ ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ ।

**४.** **<u>आवास सुविधा</u>**: (१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको फर्निचर दिइनेछ ।

(६) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(७)उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

५. **सवारी तथा इन्धन सुविधा** : (१) मुख्यमन्त्री र मन्त्रीलाई सवारीको लागि चालक सहितको अनुसुची-१ मा उल्लेख भए बमोजिमको मोटर, इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भरपाई बुझाउनु पर्ने छैन।

(५) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. **विजुली, धारा र सञ्चार सुविधा:** (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई विजुली, धारा, इन्टरनेट, टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

७. **उपचार सुविधा** :(१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेशसरकारले तोकेको उपचार खर्च पाउनेछन् ।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

८. **दैनिक तथा भ्रमण भत्ता** : (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) मुख्यमन्त्री भ्रमणमा जानु पर्दा ३ दिन सम्मको भ्रमण आदेश आफैंले स्वीकृत गर्न सक्नेछ । सो भन्दा बढी दिन वा बिदेश भ्रमण गर्नु परेमा मन्त्रिपरिषदबाट भ्रमण आदेश स्वीकृत गर्नु पर्नेछ ।

(४) मन्त्रीले ७ दिनसम्मको भ्रमणको लागि मुख्यमन्त्रीबाट र सोभन्दा बढी दिनको वा विदेश भ्रमण मन्त्रिपरिषदबाट स्वीकृत गर्नु पर्नेछ ।

९. **<u>अन्य सुविधा</u> :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विशिष्ट परिस्थिति सिर्जना भई मन्त्रिपरिषदका सदस्यलाई आवश्यक अन्य कुनै सुविधा दिनु पर्ने भएमा त्यस्तो परिस्थितिलाई मध्येनजर गरी मन्त्रिपरिषदले निर्णय गरेबमोजिम त्यस्तो सुविधा दिन सक्नेछ ।

१०. **<u>बीमा सुविधा</u> :** मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैंया बराबरको बीमा सुविधा दिइनेछ ।

११. **<u>निजी सचिवालयको व्यवस्था</u>**: (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुर्‍याउन अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई आफ्नो कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्नेछ ।

१२. **<u>अतिथी सत्कार खर्च</u>**: (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथी सत्कार बापत अनुसूची-२ बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन ।

१३. **<u>अङ्गरक्षक र गार्डको सुविधा</u>** : मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. **<u>सुविधा लागू हुने</u>** : मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिएको मितिदेखि यस ऐन बमोजिमको सुविधा पाउने छन् ।

१५. **<u>पारिश्रमिक तथा सुविधा नपाउने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अबधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको पारिश्रमिक वा सुविधा पाउने छैन ।

तर, त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

१६. <u>**अनुसूचीमा हेरफेर**</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१७. <u>**खारेजी र बचाउ**</u> **:** यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रदेश मन्त्रिपरिषदको निर्णय बमोजिम मुख्यमन्त्री र मन्त्रीले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५),दफा ५ को उपदफा (१) दफा ६ को उपदफा (२) र दफा ८ सँग सम्बन्धित)

**मुख्यमन्त्री तथा मन्त्रीको सुविधा**

| क्र.सं | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,९७०। | ५२,०००। | ४९,०००। | ४७,०००। |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | आवास दिने | आवास दिने-आवास उपलब्ध नभएसम्म २५,०००।- | आवास दिने-आवास उपलब्ध नभएसम्म २०,०००।- | आवास दिने-आवास उपलब्ध नभएसम्म २०,०००।- |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु. | फर्निचर उपलब्ध गराउने | फर्निचर उपलब्ध गराउने | फर्निचर उपलब्ध गराउने | फर्निचर उपलब्ध गराउने |
| ४. | सवारी | मोटर (वटा) | २ | १ | १ | १ |
| ५. | सवारी इन्धन पेट्रोल | लिटर (मासिक) | २५० | २०० | १५० | १२५ |
| ६. | मोविल (लि.) | त्रैमासिक | १५ | १० | ७ | ७ |
| ७. | सञ्चार सुविधा (टेलिफोन,इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | ३,०००।- | २,५००।- | २,०००।- | २,०००।- |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | बिल अनुसार | २,५००।- | २,०००।- | २,०००।- |
| ९. | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | ३,०००। | २,५००।- | २,०००।- | २,०००।- |
| १०. | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५।- | २००।- | १७५।- | १७५।- |
| ११. | यात्रा बिमा(लाखमा) | १० | १० | १० | १० | १० |

द्रष्टव्य:

मुख्यमन्त्री र मन्त्रीले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि :-

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्क, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छैसठ्ठी प्रतिशत रकम उपलव्ध गराइनेछ ।

७. मुख्यमन्त्री र मन्त्रीले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ ।

भ्रमण सम्बन्धी थप व्यवस्था:

(क) मन्त्रीले जिल्ला भ्रमण गर्नु पुर्व मुख्यमन्त्रीबाट स्विकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,

(घ) अत्यावश्यक नपरि एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने ।

अनुसूची - २

(दफा ११ को उपदफा (१) र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख स्वकीय सचिव | जना | १ (रा.प. द्वितीय श्रेणी वा सो सरह) | १ (रा.प. तृतीय श्रेणी वा सो सरह) | - | - |
| २ | स्वकीय सचिव | जना | १ (रा.प. तृतीय श्रेणी वा सो सरह) | १ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह) | १ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह) | १ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह) |
| ३ | सचिवालय | जना | १ (रा.प. द्वितीय श्रेणी वा सो सरह) | १ (रा.प. तृतीय श्रेणी वा सो सरह) | १ (रा.प. तृतीय श्रेणी वा सो सरह) | १ (रा.प. तृतीय श्रेणी वा सो सरह) |
| ४ | राजनैतिक सल्लाहकार | जना | १ (रा.प. प्रथम श्रेणी वा सो सरह) | - | - | - |
| ५ | आर्थिक सल्लाहकार | जना | १ (रा.प. द्वितीय श्रेणी वा सो सरह) | - | - | - |
| ६ | प्रेस सल्लाहकार | जना | १ (रा.प. द्वितीय श्रेणी वा सो सरह) | - | - | - |
| ८ | सूचना/प्रविधि | जना | १ (रा.प. अनं. प्रथम श्रेणी वा सो सरह) | १ (रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | - | - |
| ८ | हलुका सवारी चालक | जना | २(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) |
| ९ | आवास सहयोगी | जना | २(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) |
| ८. | कार्यालय सहयोगी | जना | २(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) | १(श्रेणीविहिन प्रथमस्तर) |
| ९. | अतिथि सत्कार | प्रति महिना | १०००० | ७००० | ५००० | ३००० |

**द्रष्टव्यः** १. विभागीय मन्त्रीले मन्त्रिपरिषद्को निर्णय बमोजिम १ जना विषयगत सल्लाहकार राख्न सक्नेछन् ।

2. विभागीय मन्त्रीले मन्त्रीस्तरीय निर्णयबाट १ जना श्रेणी विहिन ह.स.चा. करारमा नियुक्ति गर्न सक्नेछन् ।

अनुसूची-३

(दफा १४ सँग सम्बन्धित)

**शपथ**

म........................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु÷ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं. १ को ............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत :